APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# जङ्गबहादुरको बेलाइत यात्रामा बिम्बप्रयोग

**ऋषिराम खनाल**
उपप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
sagangorkha@gmail.com

Received: Feb 27, 2025 Revised: May 10, 2025 Accepted: May 19, 2025

लेखसार

प्रस्तुत लेख जङ्गबहादुरको बेलाइत यात्रा नामक संस्मरणमा प्रयोग भएका बिम्बका विभिन्न स्वरूपहरूको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित छ । यस संस्मरणात्मक कृतिलाई विभिन्न साहित्यिक कोणबाट अध्ययन गर्न सकिने भए तापनि यस लेखमा बिम्बको प्रयोगको अवस्थालाई मात्र विश्लेषण गरिएको छ । यस कृतिमा अन्तर्निहित बिम्बात्मक प्रयोगको पहिचान गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ । यस उद्वेश्य प्राप्तिका लागि प्रस्तुत यात्रा संस्मरणमा प्रयुक्त बिम्बहरूको प्रकृति र प्रयोगको किटान गरिएको छ । जङ्गबहादुरको बेलाइत यात्रामा बिम्बका विभिन्न रूपहरूको प्रयोग भएको पाइन्छ । यसमा बिम्बहरूको सामान्य प्रकारहरू देखाउँदै ऐन्द्रियिक प्रतीकात्मकता, यौन, ऐतिहासिकता, मिथकीय, लोक, ब्रह्माण्ड, प्राकृतिक, सांस्कृतिक...आदि बिम्बका आधारमा विश्लेषण गरिएको छ । यसका लागि यात्राका क्रममा अभिव्यक्त विशिष्ट पङ्क्तिलाई सोद्देश्यमूलक साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ । यस्ता बिम्बहरूले कथ्य विषयका भावसन्दर्भलाई चोटिलो रूपमा प्रस्तुत गरी अर्थोद्घाटन गर्ने भएकाले प्रयुक्त बिम्बलाई साक्ष्यका रूपमा राखिएको छ । यस अध्ययनलाई पूर्णता दिनका लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । यस अध्ययनबाट 'जङ्गबहादुरको बेलाइत यात्रा' नामक यात्रा संस्मरणमा कतिपय सन्दर्भमा नवीन अप्रचलित तथा कतिपय अवस्थामा बहुप्रचलित बिम्बहरूको प्रयोग भएको र यसले यस यात्रा विवरणलाई विशिष्ट र दुरुह समेत बनाएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुन्जी : खर्कजाना, गुडमानि, फर्माउनु, थिति, स्वस्ति ।*

विषयपरिचय

जङ्गबहादुरको बेलाइत यात्रा वि.सं. १९०६ को माघ चार गतेबाट सुरु भएको थियो । यो यात्रा वि.सं. १९०७ को मङ्सिरसम्म रहेको पाइन्छ । करिब दश महिनासम्म चलेको पाइन्छ । यसको नेतृत्व नेपालका प्राइमिनिस्टर एन्ड कम्यान्डर इनचिफ जनरल जङ्गबहादुर कुँवर राणाले गरेका थिए । उनका भाइभारदार बाह्र जना, सुरक्षादस्ता र अन्य कर्मचारी बाह्र जना गरी पच्चिस जनाको नेपाली समूह थियो । यात्रा टोलीमा दुई जना अङ्ग्रेजी भाषाका विज्ञहरू पनि थिए । यस संस्मरणका पहिलो लेखकको हुन भन्ने बारेमा स्पष्ट हुन सकेको छैन । यस पुस्तकका पहिलो सम्पादक कमलमणि दीक्षितले यसका संभाव्य लेखकहरूमा लेप्टेन लालसिंह खत्री, सुब्बा सिद्धिमान र सुब्बा शेरसिंह मध्ये कुनै एक हुन सक्छन्

भनेका छन् भने चित्तरञ्जन नेपालीले आफ्नो खोज एवं अनुसन्धानको आधारमा सो पुस्तकको लेखक सिद्धिमान राजभण्डारी नै भएको दावी गरेका छन् । यो रोचक शैलीमा लेखिएको छ । नेपाली सर्जकहरूबाट विदेशी विषयवस्तुलाई समेटेर लेखिएको यो नै पहिलो कृति हो । साथै बेलाइत सरकारले नेपाल सरकारलाई पहिलो पटक देखाएको राजकीय सम्मान र दैत्यसम्बन्धलाई प्रकट गर्ने अवसर पनि यस कृतिलाई प्राप्त भएको छ । जङ्गबहादुरको बेलाइत यात्रा नामक कृतिमा बिम्बको प्रयोग प्रशस्त रूपमा गरिएको छ । शाब्दिक रूपमा बिम्ब भनेको छाया, दर्पण, प्रतिबिम्ब र प्रतिच्छवि भए पनि साहित्यमा बिम्बले काव्यबिम्बलाई जनाउँछ । यस कृतिका बारेमा विभिन्न विद्वान समालोचकहरूबाट यात्रा साहित्यका रूपमा, यात्रा निबन्धका दृष्टिकोणबाट, विषयवस्तुका कोणबाट, प्राथमिककालीन नेपाली साहित्यका उपलब्धिकाआधारमा विभिन्न विचार विमर्शहरू भए पनि बिम्बले भरिपूर्ण यस यात्रा विवरणलाई बिम्बप्रयोगका दृष्टिकोणबाट भने हालसम्म अध्ययन भएको पाइएको छैन । यस यात्रा साहित्यमा बिम्बप्रयोगको अवस्था नै प्रमुख प्राज्ञिक समस्या भएकाले यसमा प्रयोग भएका बिम्बहरूको पहिचान गरी विश्लेषण गर्ने उद्धेश्यमा यस लेख केन्द्रित गरिएको छ । यस उद्धेश्य परिपूर्तिका लागि ऐन्द्रियिक, प्रतीकात्मकता, यौन, ऐतिहासिकता, मिथकीय, लोक, ब्रह्माण्ड, प्राकृतिक, सांस्कृतिक.. आदि बिम्बको स्वरूपको चर्चा गर्दै तिनीहरूको प्रयोग के कसरी भएको छ बिम्ब विधानको सैद्धान्तिक मान्यताका आधारमा यस यात्रा साहित्यमा बिम्बप्रयोगको अवस्थाको विश्लेषण गरिएको छ ।

## शोधविधि

प्रस्तुत अध्ययनमा मदनमणि दीक्षितद्धारा सम्पादित 'जङ्गबहादुरको बेलाइत यात्रा' नामक ग्रन्थलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यस कृतिका बारेमा गरिएका टिप्पणी, विश्लेषण, अध्ययन, अनुसन्धान, तथा सैद्धान्तिक अवधारणालाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि व्याख्यान, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसक्रममा बिम्ब विश्लेषणसम्बन्धी अवधारणाको चर्चा गर्दै ऐन्द्रियिक, प्रतीकात्मक, यौन, ऐतिहासिकता, मिथकीय, लोक, ब्रह्माण्ड, प्राकृतिक, सांस्कृतिक बिम्बको परिचय दिई विवेच्य बिम्बात्मक अभिव्यक्तिको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिको बिम्बात्मक अभिव्यक्तिहरूलाई साक्षका रूपमा लिएर तिनीहरूमा कसरी बिम्बप्रयोग भएको छ र त्यसबाट कस्तो अभिव्यक्तिगत सुन्दरता प्रस्तुत भएको छ भन्ने निष्कर्ष निकालिएको छ । सङ्कलित सामग्रीलाई कृति विश्लेषणका लागि पूर्वनिर्धारित सिद्धान्तको प्रयोग गरिएको हुनाले यसको विश्लेषण निगमनात्मक विधिमा आधारित छ ।

## सैद्धान्तिक अवधारणा

सर्जकको मानस्पटलमा रहेका मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । यो एक प्रकारको सादृश्य विधान नै हो । बिम्ब त्यो शब्द, वाक्यांश वा वाक्य समूह हो, जसले भाव अभिव्यक्तिमा थप सुन्दरता प्रदान गरी साहित्यिक क्षमताको अभिवृद्धि गर्दछ । "कवि लेखकले आफ्नो प्रतिपाद्य प्रसङ्गलाई मिल्ने गरी वाह्य जगतको स्थूल, इन्द्रियगोचर वस्तु वा मनोजगतको भावलाई वस्तुगत रूप दिई लेखनमा समाहित गर्नुलाई बिम्बविधान भनिन्छ" (बराल, २०५५, पृ. ५२६) । बिम्बले अप्रकटित अर्थ ध्वनित गराउँछ । पूर्वीय समालोचनाका दृष्टिमा बिम्ब विधानका रूपमा उपमा, रूपक र सादृश्यको आलङ्कारिक प्रयोगलाई लिने गरिन्छ । विशेष गरी पूर्वीय दार्शनिक एवं विद्वानहरूले महाभारत, पुराण,

दन्त्यकथा, बौद्धिक सन्दर्भ, धार्मिक प्रसङ्गलाई आफ्नो लेखकीय क्षमताले सुस्पष्ट प्रस्तुत गर्न यस्ता बिम्बहरूलाई जोड्ने परम्परा नै रहेको छ । आन्दोलन र अभियानको चापमा हुर्किएको बीसौं शताब्दीको साहित्यिक सिर्जना-समालोचनाको इतिहासमा बिम्बवाद पनि एकताका प्रचलित भएको हो । तर यसको अवधि त्यति विस्तृत रहेन मूलतः सन् १९१२-१७ का ५-६ वर्षमा नै यो वाद जन्मियो, हुर्कियो र समाप्त भयो । "यसको पहिलो प्रयोग सन् १९१२ मा इज्रा पाउण्डले गरेको पाइन्छ । सन् १९१४ मा पाउण्डले डेस इमाजिस्ठ अन एन्थोलोजी (बिम्बवादी सङ्कलन) निकाले पछि बिम्बवाद चर्चित बन्न पुग्यो" (त्रिपाठी, २०३६, पृ. ५३५) । यसरी छोटो समयमा विश्वसाहित्यमा प्रभाव जमाउन सफल बिम्बवादले हालसम्म आइपुग्दा साहित्यको आकर्षक शैलीका रूपमा आफूलाई स्थापित गरिसकेको छ ।

बिम्बको काव्यिक परिभाषा दिने क्रममा मार्क्सवाद, साँस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र नामक ग्रन्थमा विश्लेषक ताराकान्त पाण्डे बिम्बलाई चित्रात्मक भाषाको प्रयोग गरी निर्माण गरिएको एउटा इन्द्रियसंवेद्य शब्दचित्र बताउँछन् । बिम्बले कुनै वस्तु भाव, परिघटना, परिदृश्य, अनुभूति आदिको पुनर्सिर्जना गर्छ (पाण्डेय, २०७३, पृ. १९१) । बिम्बले इन्द्रिया सम्वेद्य शब्दचित्र बनाउँछ जुन प्रतिकृति वा दुरुस्त नक्कल गरेजस्तै वास्तविकको मानसिक र संवेगात्मक फोटोग्राफी जस्तै हुन्छ । ज्ञानको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तले बिम्बको अवधारणालाई एउटा बृहत्तर ज्ञान मीमांसात्मक अर्थमा प्रयोग गर्दछ । प्रतिबिम्बनको सिद्धान्तका सन्दर्भमा बिम्ब एकप्रकारले भन्दा प्रतिकृति वा दुरुस्त नक्कल बराबर वास्तविकताको मानसिक र संवेगात्मक फोटोग्राफ जस्तै हुन्छ (जीस, २०७२, पृ. ७७) । यसरी बिम्बलाई मानसिक र संवेगात्मक भनेर प्रतिकृतिका रूपमा प्रस्तुत गरेका छन् । "प्रस्तुतको माध्यमबाट अप्रस्तुतको, मूर्तका माध्यमबाट अमूर्तको र अप्रस्तुतको माध्यमबाट प्रस्तुतको समेत चित्रण गर्ने सम्मूर्त परक निर्दिष्ट एवं निश्चिततायुक्त र कुनै वस्तुको काल्पनिक प्रत्यक्षीकरणपरक लेखन शैली नै बिम्ब हो र यसमा ऐन्द्रिपिकता भावनात्मकता, चित्रात्मकता, कल्पनात्मकता र धारणात्मकता समेत पाइन्छ" (गौतम, २०६६, पृ. ३८५) । यसरी बिम्बले घुमाउरो अर्थमा आफूलाई प्रस्तुत गर्छ । "एउटा संघटनाको माध्यमबाट अर्को संघटनाको चरित्र चित्रण गर्ने विशेषता व्यञ्जित गर्ने बिम्ब लाक्षणिक एवं अलङ्कार युक्त चिन्तन हो । बिम्बका माध्यमबाट गरिने चिन्तन कला हो । कलाको बारेमा यस व्याख्याले कलाको आधारभूत प्रकृतिका अति महत्त्वपूर्ण लक्षण बुँदाहरू औल्याउन ठुलो सहयोग पुऱ्याउँछ" (चापागाई, २०५२, पृ. ६४३ ) । यसरी बिम्बलाई अप्रस्तुतबाट प्रस्तुत गर्ने साहित्यिक कलाको रूपमा चित्रित गरिएको छ र बिम्बबिधानमा रूप, रस, गन्ध, स्पर्श र शब्द जस्ता क्षेत्रले प्रतिनिधित्व गर्ने विषयलाई सहजै पाठक श्रोता दर्शकले आत्मसात् गर्न सक्ने गरी वस्तुगत रूपमा प्रकट गरिन्छ । बिम्बका बारेमा समकालीन नेपाली कविताको बिम्बपरक अध्ययनमा लक्ष्मणप्रसाद गौतमको विश्लेषण यथार्थवादी देखिन्छ । उनका अनुसार "बिम्बलाई प्रेरक अनुभूति, रचना प्रक्रिया, विषयवस्तु, प्रस्तुति, काव्यार्थ दृष्टि, कार्य, प्रभाव क्षमता, काव्यानुभूतिको अभिप्राय, प्रबन्धानात्मक, इन्द्रियसंवेद्य, मिथकीय, कलात्मकता, र सादृश्यका आधारमा स्थूल वर्गीकरण गरिएको छ" (गौतम, २०६०, पृ. १८-२०) । यो स्थूल वर्गीकरणमा अन्तर्निहित बिम्बहरूलाई हेर्दा यसका प्रभेदहरू पचासीभन्दा बढी रहेको पाइन्छ । त्यसको विविधतपूर्ण प्रयोग जङ्गबहादुरको बेलाइत यात्रा नामक यात्रा संस्मरणमा भएको पाइन्छ ।

यात्रा साहित्य सामाजिक जीवनको ऐतिहासिक साक्षका दृष्टिले सर्वाधिक महत्त्वपूर्ण लेखन हो । यसमा यात्राक्रमद्वारा यात्रा स्थलका बाह्य पक्षीय विशेषतासम्बन्धी सूचना सम्प्रेषण गर्नुका साथै तिनका

मूल्य सौन्दर्य र विशेषता आदि कुरालाई समाहित गरेर पाठक समक्ष प्रस्तुत गरिन्छ । यात्रा साहित्यको सन्दर्भमा राहुल साङ्कृत्यायनले भनेका छन् प्रत्येक यात्री आफ्नो देश गन्ध लिएर जान्छ । यदि त्यो उच्च श्रेणीको होइन भने त्यो सुगन्ध नभएर दुर्गन्ध छ, परन्तु हामी निरुद्देश्य यात्रीबाट दुर्गन्ध पुऱ्याउने आशा राख्दैनौं (सुवेदी, २०७६, पृ.४१७) । यस मान्यताका आधारमा पनि यो यात्रा संस्मरण तात्कालीन र परवर्ती समाजमा पनि यात्रा साहित्यमा उत्प्रेरक तथा उदाहरणीय हुनु यसको प्रमाण हो । "जङ्गबहादुरको बेलाइत यात्रामा बेलाइततिरका देश देशान्तरका सामाजिक चालचलन, रीतिथिति, राजनैतिक प्रणाली, सामरिक विन्यास र सङ्गठन, पुरुष तथा नारीका शीलस्वभाव, दृष्टि स्थानका विशेषता, समुदायिक र वैयक्तिक रसरङ्ग, मनोविनोदका प्रकार आदिको सूक्ष्म निरीक्षणको अतिरिक्त अनेक खालका सूचना समाविष्ट छन्" (प्रधान, २०६६, पृ.२२२) । यसले वर्णनलाई अर्थ गाम्भीर्य मात्र हैन श्रुतिमाधुर्य समेत बनाएको छ । "जङ्गबहादुरको यात्रामा एउटा सानो गरिब मुलुकको प्रधानमन्त्रीले औपनिवेशिक शक्तिको केन्द्रभित्र सोभ्कै यात्रा गरेको छ, अनि त्यसभित्रको सांस्कृतिक र शक्तिकेन्द्रको रूपमा बनेको लेबरको सोभ्कै उद्घाटन छ । अनौठीकरण 'एक्जोटिसाइजेसन' जुन औपनिवेशिक यात्राको एउटा महत्त्वपूर्ण पक्ष हो त्यसको यस यात्रामा जङ्गयात्रावर्णनबाट प्रयोग भएको देखिन्छ" (सुबेदी, २०६०, पृ. ४४७) । यसरी यो यात्राले राजनीतिक र कुटनीतिक रूपमा पनि महत्त्व राखेको पाइन्छ ।

काव्य विश्लेषणका सन्दर्भमा विश्लेषकहरूले विवेच्य विषयानुकूल विविध शीर्षक तथा उपशीर्षकमा विभाजन गरी बिम्बपरक विश्लेषण गरेको पाइन्छ । चन्द्रप्रसाद ढकाल (२०८०)ले 'सारङ्गी बोकेको समुन्द्र कवितामा बिम्बविधान' शीर्षकको लेखमा यौनबिम्ब, सांस्कृतिक बिम्ब र प्राकृतिक बिम्ब गरी तीन प्रकारका बिम्बहरूलाई आधार मानी विश्लेषण गरेका छन् । ताराकान्त पाण्डे (२०७३)ले *कवितामा बिम्बको स्वरूप र सत्ता* नामक लेख *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* नामक पुस्तकमा प्रकाशित छ । यसमा बिम्बको कोशीय अर्थ र काव्यगत तात्पर्य, बिम्बको काव्यिक परिभाषा र स्वरूप, बिम्ब र त्यसको समकक्षी अन्य काव्यतत्त्वहरू, बिम्ब र प्रतीक, बिम्ब र मिथक, बिम्बका प्रकार, रचनाप्रक्रियाका आधारमा बिम्ब, बिम्बवर्गीकरणका अन्य आधार जस्ता विषयमा चर्चा गरेका छन् । यस लेखले बिम्बलाई राम्रोसँग अर्थ्याएको पाइन्छ । लक्ष्मणप्रसाद गौतम (२०६०) ले *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण* पुस्तकमा ३३ वटा उपशीर्षकमा समकालीन नेपाली कविताको विश्लेषण गरेका छन् । यस पुस्तकमा बिम्बको परिभाषा, परिचय, प्रकार र साहित्यका अन्य वादसँग यसको सम्बन्ध जस्ता पक्षका बारेमा पनि विस्तृत चर्चा गरेका छन् । यस प्रकारको विश्लेषण परम्परालाई हेर्दा कृतिको विशेषताअनुरूप अनेक प्रकारका बिम्बको प्रयोग हुन सक्ने देखिन्छ । यिनीहरूमध्ये लक्ष्मणप्रसाद गौतमको *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण* कृतिमा उल्लिखित विश्लेषण विस्तृत र व्यवहारिक देखिन्छ ।

बिम्बले प्रकटबाट अप्रकट अर्थ तथा अप्रस्तुतबाट प्रस्तुतलाई ध्वनित गर्छ । जङ्गबहादुरको बेलाइत यात्रा नामक कृतिमा यसको प्रयोग प्रशस्त भएको छ भन्ने दावी यस लेखको रहेको छ । महाभारतका कथाकुथुङ्ग्री जोडेर वा रामायणका आदर्शलाई पस्किएर होस, वेद, उपनिषद् जस्ता दार्शनिक चिन्तनलाई अगाडि सारेर होस् वा भागवतमा वर्णित कृष्ण लीलाका फुँदा गासेर होस् बिम्बविधानले यस यात्रा संस्मरणलाई समृद्ध बनाएको छ । बिम्बविश्लेषणका अनेक पद्धति रहेका छन् । यसलाईकृति विशेषका विशेषताकाअनुरूप विभिन्न शीर्षक उपशीर्षक राखी विश्लेषण गर्न सकिन्छ । यस अध्ययनमाबिम्ब विश्लेषण र प्रयोगका बारेमा उल्लिखित बिम्बमध्ये प्रतिनिधिमूलक ऐन्द्रियिक, प्रतीकात्मकता, यौन,

ऐतिहासिकता, मिथकीय, लोक, ब्रह्माण्ड, प्राकृतिक, सांस्कृतिक गरी नौंवटा उपशीर्षक विभाजन गरी कृतिमा अन्तर्निहित बिम्ब पहिचान गरिएको छ । जङ्गबहादुरको बेलाइत यात्रामा अन्य प्रशस्तै बिम्बहरू पनि प्रयोग भएको छ तर ती बिम्ब तुलनात्मक रूपमा कमजोर भएका र उल्लिखित नौवटा बिम्बहरू प्रबल देखिएकाले कृतिविश्लेषणको आधार मानी निष्कर्ष निकालिएको छ ।

## जङ्गबहादुरको बेलाइत यात्रामा बिम्बको स्वरूप

'जङ्गबहादुरको बेलाइत यात्रा' नामक यात्रा संस्मरणलाई प्रस्थान, बेलाइत र फिर्ती भनेर तीन खण्डमा विभाजन गरिएको छ । यस यात्राका नायक जङ्गबहादुरको केन्द्रीयतामा लेखिएको छ । २५ जना यात्रु रहेको उक्त प्रतिनिधि मण्डलका अन्य सदस्यका बारेमा यो संस्मरणले कुनै महत्त्व दिएको छैन । यात्रामा देखिएका प्राकृतिक छटाको वर्णन गर्ने क्रममा होस वा जङ्गबहादुरको व्यक्तित्व र त्यसले पारेको प्रभावका बारेमा वर्णन गर्दा होस् विदेशीहरूले देखाएको आतिथ्यताको मुक्तकण्ठले प्रशंसा गर्दा होस् वा यात्राका क्रममा आएका युवतीहरूको वर्णन गर्ने क्रममा होस् लेखकले पूर्वीयसन्दर्भ र बिम्बको कलात्मक प्रयोग गरेको देखिन्छ । "तपाईका रवाफ देख्दा यहाँका छोटा बडा सबैलाई गोर्खा भन्याको ठूलो रह्याछ भन्या धाक पनि भयो । यहाँका भारदार सरकारसित पनि प्रीति रह्यो" (दीक्षित, २०६१, पृ. १७) । यो नेपाललाई बेलाइत सरकारले दिएको सम्मान हो । लेखकले लण्डनलाई स्वर्गका रूपमा हेरेका छन् । यस यात्रा विवरणमा धेरै प्रकारका बिम्बहरूको प्रयोग गरिएको भए तापनि यस लेखमा भने ऐन्द्रियिक, प्रतीकात्मकता, यौन, ऐतिहासिक, मिथकीय, लोक, ब्रह्माण्ड, प्राकृतिक, सांस्कृतिक जस्ता केही महत्त्वपूर्ण बिम्बहरूको मात्र प्रयोगको अवस्थालाई देखाइएको छ । उल्लिखित बिम्ब प्रयोगको अवस्थालाई पुष्टि गर्नका लागि बिम्बप्रयोग भएका उक्तिलाई साक्ष्यकारूपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

## पौराणिक वा धार्मिक बिम्ब

जङ्गबहादुरको बेलाइत यात्रा पूर्वीय दर्शनबाट बढी प्रभावित भएका कारण पौराणिक वा धार्मिक बिम्बको प्रयोग प्रशस्त भएको पाइन्छ । "देवस्थान वा देवी देवताहरूको चरित्रमा आधारित गम्भीरता र उदात्तताले युक्त एवं लोक विश्वास र आस्थासमेत पाएका बिम्बहरू पौराणिक हुन् । धार्मिक अभिव्यञ्जनाको चित्राङ्कन हुने हुँदा यस्ता बिम्बलाई धार्मिक बिम्ब पनि भनिन्छ" (गौतम, २०६०, पृ. २५) । यस आधारमा यात्राको सुरुवातमा नै हिन्दुस्थानमा चारधाम घुम्ने मनशाय प्रकट गर्दै लेखकले भनेका छन् -"अब श्री भगवान्‌को कृपा भया चार धाम पनि गरुला । हिन्दुस्थान बेलाइत ११ टापुका पातसाहाहरूका बेहोरा कार्षाना क्या रहेछ बुझुला (पृ. १)" जस्ता साक्ष्यका आधारमा यहाँ जङ्गबहादुरको धार्मिक आस्था प्रकट भएको छ । नेपालको दूत बनेर बेलाइतको यात्रामा प्रस्थान गरेका जङ्गबहादुरलाई चारधाम घुमेर पुण्य कमाउने धार्मिक आस्थासमेत जागृत भएको छ । साथै सो चारधाम घुम्ने चाँजोपाँजो पनि भगवान्‌को कृपामा छाडेकाले यहाँ धार्मिक बिम्बको प्रयोग भएको पाइन्छ (दीक्षित, २०६१, पृ .२) । अर्को प्रसङ्गमा लण्डन सहर पुगेर त्यहाँको वर्णन गर्ने क्रममा "चार दिनमा बात उत्रन्या सौतानघाट (साउथहेम्प्टन ?) पुग्दा कस्तो भयो भन्या सपनामा पो आयुँ कि अथवा धर्म कमाएका मऱ्यापछि इन्द्रासानमा पुगिन्छ भन्थ्या इन्द्रासान यही हो कि जस्तो लाग्न्या...तिनका रूप देख्दा मिज्याद, खातिर गऱ्याका सुन्दा यी अप्सरा हुन् कि भन्या जस्तो लागन्या" (दीक्षित, २०६१, पृ. ११) । प्रस्तुत उद्धरणमा लेखकले लण्डन सहरलाई स्वर्गसँग तुलना गर्दै मरे पछि मात्र स्वर्ग पुगिन्छ भन्थे तर आफू जिउँदैमा स्वर्ग देख्न पाएको अनुभूतिलाई उल्लेख

गरेका छन् । त्यहाँको झकिझकाउ, धपक्कै बलेको सहर, अप्सरालाई माथ गर्ने युवतीहरू सबैको आकर्षणले गर्दा धर्मभक्तहरूले मरेपछि प्राप्त गर्ने स्वर्ग यही रहेको उल्लेख गरी पौराणिक बिम्बको प्रयोग गरेका छन् ।

अर्को एक छुट्टै प्रसङ्गमा स्वागत गर्न आउने भाइभारदार र उनका परिवार श्रीमती छोरीहरूको रूपरङ्ग देखेर जङ्गबहादुर मोहित भएको उल्लेख गर्दै लेखक भन्छन् "तिनका रूप, भोजन, भारी गहना-पोशाक, तिनका सफाइ, मुखमा श्री देख्दा दशै इन्द्रिया सुकदेव स्वामीलाई पनि मोह गराउन्या, अति सुन्दरी अति चंचली, तिनका रूपको वर्णन गर्न सकिदैन ...बडाबडा लाठडुक साहेबहरू कुर्सीमा बस्याका, ताहाँ इन्द्रका अपसरा, चन्द्रका बिम्ब जस्ता मुख भएका, कामकन्दला, उर्वर्शी जस्ता परी नाच्न लाग्यको, त्यस बिचमा नेपालका श्री प्राइममिनिस्टर साहेब जङ्गबहादुर कुँवर राणाजी तीन भाइ...झाडबत्तीको तेजले इ तीन भाइका गहना बल्दा कस्तो देखियो भन्या जरासन्ध सभामा श्रीकृष्ण, भीमसेन, अर्जुन जाहेर भै जाँदा ती सभामा लोकले जो शोभा पायाथ्यो सो शोभा ताहाँको लोकहरूले मान्या" (दीक्षित, २०६१, पृ. १८) । यसमा पङ्क्तिकारले जङ्गबहादुरको स्वागतका लागि सुकदेव स्वामीलाई पनि मोहित बनाउने सुन्दरीहरूको समेत उपस्थिति रहेको चर्चा गरेका छन् । उनीहरूको रूप सौन्दर्यले महर्षि सुकदेवको पनि दशै इन्दियहरूलाई निस्काम बनाउने ताकत राख्ने उल्लेख गरेर यौन बिम्बको प्रयोग गरेका छन् भने सभामा उर्वशी, कामकन्दला जस्ता अप्सराहरू त्यही साक्षत्कार भएको उल्लेख गरेका छन् । यसै गरी जङ्गबहादुरलाई स्वागत गर्न आयोजित त्यो विराट सभामा जङ्गबहादुर जगतजङ्ग तथा धीर शमशेरको उपस्थितिलाई महाभारतको सन्दर्भसँग जोड्दै जरासन्धको सभामा श्रीकृष्ण, भीमसेन र अर्जुनको उपस्थिति जस्तो देखिएको चर्चा गरिएकाले यहाँ पौराणिक बिम्बको प्रयोग भएको पाइन्छ ।

रात्री भोजमा नाच हेर्न क्रममा भन्छन्- "एक दिन अप्सरा जस्ता परीको नाच हेर्न कुइनले मिनिस्टर साहेबलाई डाक्न पठाइन र पाउलाग्नुभयो । ताहाँ परीको नाच हुन लाग्याको थियो । ती परी कस्ता थिया भन्या तिनका रूपको, नाचको बयान गर्न सकिँदैन । इन्द्रका अप्सरा कामकन्दला, उर्वशीको नाच, गाउना, रूपको वयान गर्न सहस्र जिभ्रा भएको शेषले पनि सक्दैनन् भनी कोही कथाहा सुनिन्छ तस्तै तमाशा भयो" (दीक्षित, २०६१, पृ. २६) । रात्री भोजमा भएको मनोरञ्जनात्मक कार्यक्रमको चर्चा गर्दै त्यहाँ कला देखाउन आएकी नर्तकीलाई उर्वशी, कामकन्दला भन्दा पनि सुन्दरी भन्दै सहस्र जिब्रा भएको शेषनागले पनि वर्णन गर्न नसक्ने भन्ने अभिव्यक्तिमा पौराणिक बिम्बको प्रयोग गरेका छन् । यसै गरी स्वागतको अर्को एउटा अवस्थामा लमडिको अपरामा नाच हेर्न जाँदाको सन्दर्भ जोड्दै लेखक भन्छन्- अकस्मात्मा ३०/४० वर्ष वरिपरीका इन्द्रका अप्सरा जस्ता आई खडा हुँदा बडो आश्चर्य भयो ।

यसमा लेखकले स्वागत स्थल, स्वागतका लागि आएका व्यक्तिहरू तथा सभाका नर्तकी युवतीहरू भनेको पौराणिक कथाहरूमा वर्णन हुने गरेको स्वर्ग, स्वर्गमा रहेका देवताहरू, इन्द्र र उनका सुन्दरी अप्सराहरू भएको चर्चा गर्दै पौराणिक बिम्बको प्रयोग गरेका छन् ।

स्वप्न बिम्ब/ मनोबिम्ब

जङ्गबहादुरको बेलाइत यात्रामा भ्रमण टोलीलाई त्यहाँको सौन्दर्य, विकास र आतिथ्यता देखेर आफू स्वप्नमा छु कि विपनामा छु भन्ने भ्रम रहेको चर्चा गरेका छन् । मनोवैज्ञानिक वा मनोविश्लेषकका अनुसार अचेतन मनको वास्तविक प्रतिबिम्बन स्वप्नामा हुन्छन् र अवचेतन मनका स्वप्निल सम्वेदनाहरू

काव्यमा बिम्बमय भएर आउँछन् भने त्यस्ता बिम्बलाई स्वप्नबिम्ब भनिन्छ (गौतम, २०६०, पृ. २८)। यस आधारमा पटना र कलकत्ताको सहर घुम्ने क्रममा आनन्दको अनुभूतिलाई जङ्गबहादुरले यसरी व्यक्त गर्छन "जस्तै महातारीका गर्भमा दश मास रहदा केही देखिदैन, जन्म भया पछि नजर खुल्दा पृथ्वी, आकाश, चन्द्र, सूर्यको दर्शन पाउँदा त्यो बालकलाई बडो आश्चर्य हुन्छ त्यस्तै गरी पाउलाग्नु हुँदा बाटामा समुन्द्रको बाहाड, नाना तरहका जनावरहरू पनि देखिन्छ" (दीक्षित, २०६१, पृ. ३)। प्रस्तुत पङ्क्तिमा आमाको गर्भमा दशमास रहँदाको प्रसङ्ग उल्लेख गर्दै उनका लागि बेलायतको यात्रा आमाको गर्भबाट निस्किएर संसार देखेका नाबालक शिशुलाई जस्तै भएको छ। अथवा नेपालीको अवस्था भनेको आमाको गर्भभित्र रहेको बालक जस्तै हो जुन अन्धकारमा बाचेको छ र बेलाइत भनेको बाह्य संसार हो। यसमा आमाको गर्भमा रहँदाको चर्चा गरेर स्वप्न बिम्बको प्रयोग भएको पाइन्छ। जङ्गबहादुरले आफूलाई अन्धकारमा रहेको र बेलाइत पुग्दा स्वर्ग पुगेको रूपमा अर्थ्याइएको छ। यहाँ पृथ्वी आकाश चन्द्र सूर्यको दर्शन पाउने आकाङ्क्षा प्रकट भएकाले ब्रह्माण्ड बिम्ब तथा समुन्द्र, पहाड आदिको वर्णन गरिएकाले प्राकृतिक बिम्ब समेत प्रयोग भएको पाइन्छ।

### प्रतीकात्मक बिम्ब

जङ्गबहादुरको बेलाइत यात्रामा वीर्णत विषयहरू प्रतीकात्मक शैलीमा लेखिएका छन्। "प्रतीक अन्तरगर्भित भएको बिम्ब नै प्रतीकात्मक बिम्ब हो...प्रतीकात्मक बिम्बमा सङ्केतमूलक चित्रात्मकता हुन्छ" (गौतम, २०६० : पृ. २२)। एक प्रसङ्गमा जहाजमा यात्रा गर्ने क्रममा माछा देखेर लेखक बताउँछन् - "कोही माछा बदेल जत्रा बगालका बगाल उड्दै भागन्या। वग्रल (ह्वेल ) भन्याका माछा नजिक देखिएन ४/५ कोश टाढा त्यस माछाले मुखको पानी बाहिर सास फेर्दा फल्याको धरहरा जत्रो अगलो फोहरा छाड्याको देखिन्थ्यो जहाज चल्दा पछिल्तिर हेर्दा दही मथ्याजस्तो सपेत् कोसभरसम्म जहाजका कलका जोरले समुन्द्र माथि जाँदा फिंज उठन्या" (दीक्षित, २०६१, पृ. ६)। यस पङ्क्तिमा लेखकले ह्वेल माछाले सास फेर्दा पानी बाहिर निकालेको दृश्यलाई धरहरासँग तुलना गरेका छन्। यस अभिव्यक्तिमा ह्वेल माछाले मुखबाट पानी फालेको अवस्थालाई धरहराको प्रतीक बनाई प्रस्तुत गरेकाले यहाँ प्रतीकात्मक बिम्बको प्रयोग भएको पाइन्छ। यसैगरी पानी जहाजको बेगले समुन्द्रको पानी उम्लिएको फिँजलाई दही मोथेको जस्तो भनी प्रतीकात्मक सम्बन्ध देखाइएकोले यहाँ पनि प्रतीकात्मक बिम्बको प्रयोग भएका पाइन्छ।

### सामाजिक सांस्कृतिक बिम्ब

सामाजिक र सांस्कृतिक रागलाई अभिव्यक्त गर्ने बिम्बहरू सांस्कृतिक बिम्ब हुन्। "हाम्रा प्राचीन संस्कार रीतिरिवाजहरू, हाम्रा विविध सांस्कृतिक मूल्य र मान्यताहरू एवं हाम्रो अवचेतनमा रहेका परस्परिक संवेगदनाहरू, जसमा हाम्रा प्राचीन संस्कारहरू अन्तर्गर्भित छन् : ती सबैको अभिव्यक्ति दिने बिम्बलाई सांस्कृतिक बिम्ब भनिन्छ" (गौतम, २०६०, पृ. २५-२६)। यस प्रसङ्गमा लङ्काको वर्णन गर्ने क्रममा लेखक भन्छन् "अघि त्यस मुलुकमा राक्षसको राज रहेछ। राक्षसको प्रलय भए पछि चारसय वर्ष वैरान भएछ। फेरि सिंजाली मल्लाका मानिस ताहाँ आई रजायाछन्" (दीक्षित, २०६१, पृ. ८)। लेखकले यस भनाईमा श्रीलङ्कालाई रामायणको लङ्काको रूपमा व्याख्या गर्दै रावणको राज्य भएको ठाउँको रूपमा चित्रित गरेका छन्। रावणलाई रामले युद्धबाट हराएर सीता फिर्ता ल्याएको देशको रूपमा परिभाषित

गर्दै राक्षसहरूको राज्य भएको र उनीहरूको शेष सिंजालीहरूले रजगज गरेको सन्दर्भ समेत जोडेका छन् । राम र रावणको युद्धको सन्दर्भ प्रस्तुत गरिएको, सीतालाई फिर्ता ल्याएको चर्चा गरिएको हुँदा यहाँ साँस्कृतिक बिम्बको प्रयोग भएको पाइन्छ । यसै गरी एक अर्को प्रसङ्गमा माल्टा सहर र त्यहाँको जनजीवनको वर्णन गर्ने क्रममा लेखक भन्छन्- "जनानाहरू पनि आई खचित् भयाका, भारी गहना पोशाक लायाका चन्द्रमाका बिम्ब जस्ता मुख, तेलका धारा जस्ता नाक, कमलपत्र जस्ता नेत्र भयाका अति सुन्दर जे देख्यो उस्तै" (दीक्षित, २०६१, पृ. १०) । माल्टाशहरका बारेमा चर्चा गर्दै लेखकले त्यहाँका महिलाहरूको सुन्दरताको चित्रण गर्न अनुहारलाई चन्द्रमाको उपमा दिएका छन् । युवतीहरूको सुन्दरताको वर्णन गर्दै नाकलाई तेलका धारासँग र आँखालाई कमलपत्रसँग तुलना गरेका छन् । लेखनलाई कलात्मकता प्रदान गर्न रूपक अलङ्कार, उपमा अलङ्कार आदिको प्रचुर प्रयोग गरिएको छ । यस अभिव्यक्तिमा अनुहारलाई चन्द्रमासँग तुलना गरिएको बेलाइती युवतीहरूको नाकलाई तेलधारासँग तुलना गरिएकोले प्रतीकात्मक बिम्ब र त्यहाँको खानपान र लबाइखुवाईको चर्चा गरिएकाले सांस्कृतिक बिम्ब प्रस्तुत भएको छ ।

### मिथकीय बिम्ब

मिथकीय बिम्बलाई आदिम बिम्ब वा आद्यबिम्ब पनि भन्ने गरेको पाइन्छ । यहाँ मिथकीय बिम्बलाई पुराकथात्मक बिम्बका रूपमा लिन सकिन्छ । "मानव जीवनका सर्वकालिक उद्‌वेगहरूले अवचेतन तहमा गहिरो प्रभाव छाडेर गएका हुन्छन् र तिनले मानवलाई आदिमतातिर फर्काइदिन्छन । यस आधारमा मिथकीय बिम्ब आदिमतापरक बिम्बका रूपमा देखिन्छ (गौतम, २०६०, पृ. २४) । यस सन्दर्भमा बेलायती जनताको सुखी र आनन्दित जीवनको व्याख्या गर्ने क्रममा *सुखी जीवन* शीर्षकमा लेखक त्यहाँका मान्छेहरूलाई देवतासँग तुलना गर्दै भन्छन् "इनौं दिनौमा देवता, राक्षस, दानव स्वर्गमा गयाछन् । यस मर्त्यालोकमा मनुष्यै मात्र राज्य रहेछ" (दीक्षित, २०६१, पृ. १६) । बेलायती जनताको सुखी र समृद्ध जीवन देखेर लेखक बेलायतलाई स्वर्गसँग तुलना गर्दै बेलाइती जनतालाई देवता, दानव र राक्षस सबै यही जम्मा भएको चर्चा गर्दै बेलाइतलाई स्वर्गसँग तुलना गर्न पुग्छन् । यहाँ देवता दानव, स्वर्गको उल्लेख गरिएकाले मिथकीय बिम्बको प्रयोग भएको पाइन्छ ।

### ऐतिहासिक बिम्ब

इतिहासका विषयवस्तु, घटना, पात्र, परिवेश वा स्थान र सन्दर्भहरू उपस्थित हुनु ऐतिहासिक बिम्बको अभिलक्षणा हो ( गौतम, २०६०, पृ.२६) । यस सन्दर्भमा जङ्गबहादुरको स्वागत गर्नेक्रममा बेलाइतका प्राइम् मिनिस्टरले जङ्गबहादुरलाई भनेको सन्दर्भ "तपाइको रवाफ देख्दा यहाँका छोटा - बडा सबैलाई गोर्खा भन्याको ठूलो रह्याछ भन्या धाक पनि भयो " (दीक्षित, २०६१, पृ. १७) । यस उद्धरणमा बेलाइतका प्रधानमन्त्रीले जङ्गबहादुरको रवाफको मुक्तकण्ठले प्रशंसा गरेका छन् । उनले जङ्गबहादुरको व्यक्तित्वबाट प्रभावित भएर उनलाई गोरखालीको बहादुरिताको चर्चा गरिएकोले यहाँ ऐतिहासिक बिम्बको प्रयोग भएका पाइन्छ ।

### ब्रह्माण्ड बिम्ब

जलथलको सबै भाग र कल्पित विविध लोकहरूको समेतको समष्टि भाग ब्रह्माण्ड हो । ब्रह्माण्ड भन्ने वित्तिकै भूगोल खगोल, भूगर्भ, इतिहास सृष्टिचक्र, कालप्रवाह, ग्रहनक्षत्र आदि सबै कुराहरू आउँछन्

(गौतम, २०६०, पृ.२६) । यस साक्ष्यका आधारमा पार्लियामेन्ट सभामा विद्वान्हरूलाई देख्दा उनीहरूको अभिव्यक्ति सुन्दा र त्यहाँको वातावरणलाई लेखकले यसरी व्यक्त गर्छन- "यस्ता कचहरीका बीचमा बेमनासिब बोल्नाले क्या मकदुर छ, सत्य, त्रेता, द्वापर, कलि चारै जुगको खगोल भूगोल यिनैको पेटमा होला भन्या जस्ता बडा किताव अघिबाट राख्याका छन्" (दीक्षित, २०६१, पृ. २१) । प्रस्तुत साक्ष्यका आधारमा बेलायतको संसद्मा त्यहाँका नेताहरूले बोलेका सन्दर्भलाई उल्लेख गर्दै उनीहरूको विद्वतालाई चारै युगको सम्पूर्ण ज्ञान भएका असाधारण विद्वान्हरूको रूपमा वर्णन गर्दै ब्रह्माण्डबिम्बको प्रयोग भएको पाइन्छ ।

### यौन बिम्ब

यौनजन्य गतिविधिको वर्णनका क्रममा विविध क्षेत्रका बस्तुहरूबिम्बका रूपमा आएको अवस्थालाई योन बिम्ब भनिन्छ । "यौन अनुभूति तथा मांशल चित्रण भएका बिम्बहरू यौन बिम्ब हुन् । सम्भोग, नग्नता, यौनेन्द्रिय आदिको वर्णन र मांसलचित्रण भएका एवं यौनको अनुभूति दिने बिम्बहरू यसअन्तर्गत पर्छन्" ( गौतम, २०६०, पृ. २३) । यस सन्दर्भमा बेलाइतमा भएको स्वागतको एक प्रसङ्गको उल्लेख गर्दै लेखक भन्छन्- "असल् -असल् खफ्सुरत लाखौं रुपैयाको जेवर पोसाक लायाका लाठ, डुक साहेबका लेडी-मिसिहरू अति सुन्दरी अघि सरी श्री मिनिष्टर साहेबका गहना, कपडा छाम्दै हेर्दै गर्न्या...बराबर कुरा गर्न्या ठट्ट गर्न्या हातमा चुमान गर्न्या । कुरा गर्दै आँखा मुख रसिलो गर्दै मुखमा लाली चढाइ निधारमा पसिना काटी आँग फुराई कुरा गर्दा गर्दै आसक् भै लाचार हुन्या.. "(दीक्षित, २०६१, पृ. १४) प्रस्तुत साक्षमा वर्णन भएको बेलायतका लाठसाहेब, डुकसाहेबका लेडी-मिसीहरू जङ्गबहादुरको गहना, लुगा सुम्सुम्याउँदै ठट्टा गरेको जिस्किएका, हातमा चुम्बन गरेका सन्दर्भ देखाइएको छ । कुरा गर्दागर्दै आँखा, मुख रसिलो बनाउने, अनुहार रातो बाउने, निधारमा चिटचिट पसिना आउने, जीउ ढक्क फुलाउने, कुरा गर्दागर्दै आसक्त भई जङ्गबहादुरमै समर्पित हुन खोज्ने जस्ता हाउभाव कटाक्ष आदिका कारणले यौन बिम्ब प्रकट हुन पुगेको छ ।

### निष्कर्ष

जङ्गबहादुरको बेलाइत यात्रालाई यात्राको वर्णन भनिए पनि आख्यान तत्त्वको बाहुल्यता भेटिन्छ । यसमा प्रयोग भएका बिम्ब, प्रतीक अलङ्कारले कृतिलाई सूरुचिपूर्ण बनाएको छ । यस कृतिमा बिम्बहरूको प्रशस्त प्रयोग भएको छ । एउटै वाक्यमा विभिन्न बिम्ब आएको पनि पाइन्छ । तर यो सानो लेखमा सबैलाई समेट्न, व्याख्या विश्लेषण गर्न संभव नभएकाले ऐन्द्रियिक, प्रतीकात्मकता, यौन, ऐतिहासिक, मिथकीय, लोक, ब्रह्माण्ड, प्राकृतिक, सांस्कृतिक जस्ता केही महतत्त्वपूर्ण बिम्बको मात्र चर्चा गरिएको छ । यसरी पूर्वीय बिम्बहरूको यथोचित प्रयोग गर्दै मूलत: स्वर्गको सन्दर्भ र अप्सराहरूको रूपको वर्णनले यो संस्मरणलाई आलाङ्कारिक, प्रतीकतात्मकताका साथै बिम्बमय बनाएको पाइन्छ । यो भ्रमण कूटनैतिक थियो रमझमका लागि होइन भनेर सुरुमै स्पष्ट पारिएको छ । त्यसैले यो भ्रमणको विशेष उद्देश्य रहेको पाइन्छ । यो वृत्तान्तले पाश्चात्य र पूर्वीय सभ्यतालाई मुखरित गरेको छ । बेलायतमा अतिथिहरूको स्वागतका लागि तयार गरिएको खाद्य सामग्रीले आधुनिक सभ्यताको र भ्रमण सुरुवात गर्दा कलकत्ताको ठाकुरपुरीमा यात्रा पूजा र भ्रमण सकेर फर्कदा रामनाथको दर्शन, भारी पूजा, पिण्डदान, गंगामा स्नान र दानपुण्य गरी पवित्र बनी कन्यादान समेत लिएर फर्कनुले पूर्वीय सभ्यता र संस्कृतिलाई प्रकट

गरेको छ । यात्राको यिनै विविधताले यस यात्रा संस्मरणलाई बिम्बात्मक र आलङ्कारिक बनाएको छ । महत्त्वपूर्ण बिम्बहरूको कलात्मक प्रयोग एवं आलङ्कारिक अभिव्यक्तिहरू र संस्कृत साहित्य तथा पुराणमा प्रचलित अन्य बिम्ब प्रतीकहरूको कलात्मक प्रयोगले यात्रा संस्मरणलाई रोचक बनाएको छ। यस कृतिको अनुच्छेदका तहमा र कतिपय वाक्यका तहमा समेत एकल वा बहुबिम्बको प्रयोग भएको पाइन्छ । यात्रा विवरणको आख्यानात्मकता, शैलीमा कलात्मक र प्रस्तुतिमा बिम्बात्मकताले गर्दा यात्रा संस्मरणलाई गहिरो भाव सौन्दर्यताका साथ कौतुहलपूर्ण, रोचक र बोधगम्य बनाएको छ भने बिम्बप्रयोगका दृष्टिकोणबाट कृति उत्कृष्ट रहेको निष्कर्ष यस अध्ययनबाट सिद्ध हुन्छ ।

सन्दर्भ सामग्रीसूची

गौतम, लक्ष्मणप्रसाद (२०६०), *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), 'मुनामदनमा बिम्बविधान', *मुनामदन समालोचना,* काठमाडौं : महाकवि देवकोटा शताब्दी महोत्सव, पृ. ३८५-४०० ।

चापागाई, निनु (२०५२), 'बिम्ब र कलाको प्रयोग', *काव्य समालोचना,* विराटनगर : पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान, पृ. ६४१-६५४ ।

जीस, अम्नेर (२०७२), *कलामा बिम्ब, मार्क्सवादी सौन्दर्यशास्त्रका आधारहरू,* हरिहर खनाल (अनु.), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

ढकाल, चन्द्रप्रसाद (२०८०), 'सारङ्गी बोकेको समुन्द्र कवितामा बिम्बविधान', *वाङ्मय,* (१९), पृ.४४-५४ ।

ढकाल, रजनी (२०७८), *आधुनिक नेपाली निबन्ध,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (३०३६), *पाश्चात्य समालोचना सैद्धान्तिक परम्परा,* ललितपुर : साझा प्रकाशन ।

दीक्षित, कमलमणि (२०६१), *जङ्गबहादुरको बेलाइत यात्रा,* ललितपुर : साझा प्रकाशन ।

पाठक, व्याकुल (२०६९), *नेपाली नियात्रा खण्ड १,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पाण्डे, ताराकान्त (२०७३), *मार्क्सवाद सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन पृ. १८५-२१० ।

प्रधान, प्रमोद ( २०६६), नेपाली निबन्धको इतिहास, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६०), *नेपाली साहित्यको इतिहास,* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

बराल, ईश्वर (२०५५), *नेपाली साहित्यकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, अभि (२०६०), जङ्गबहादुरको बत्तिस सालको रोजनाम्चा एक अभिलेख, *कमल दीक्षित कालो अक्षरदेखि सग्लो अक्षरसम्म,* काठमाडौं : नई प्रकाशन, पृ. ४४३-४४८ ।

सुवेदी, राजेन्द्र तथा लक्ष्मणप्रसाद गौतम (२०७६), 'साहित्यको आधारभूत सिद्धान्त : समालोचना', *रत्न बृहत् नेपाली समालोचना,* काठमाडौं : रत्नपुस्तक भण्डार, पृ. १-३२ ।